# नेपाल आदिवासी जनजाति महासंघ
NEPAL FEDERATION OF INDIGENOUS NATIONALITIES

# न्यूजलेटर NEWS LETTER

अंक : १ चैत्र २१ देखि २०६७ बैशाख ३१ सम्म Volume : 1 April 3 to May 14, 2010


## सातौ महाधिवेशन सम्पन्न

नेपालका डेढ करोड आदिवासी जनजातिहरुको एक मात्र राष्ट्रिय छाता संगठन नेपाल आदिवासी जनजाति महासंघको सातौ महाधिवेशनका प्रमुख आतिथ्य संविधान सभाका सम्माननीय अध्यक्ष सुभाष चन्द्र नेम्वाङले विभिन्न दलका आदिवासी सभासदहरु र आदिवासी जनजातिहरुको उपस्थितिमा २०६६ चैत्र २१ गते भृकुट्टी मण्डपमा सातौ महाधिवेशनको औपाचरिक उदघाटन गर्नु भएको थियो ।
एस आर क्याटरिङ धुम्वाराहीमा २०६६ चैत्र २२ देखि २४ गतेसम्म सम्पन्न बन्द सत्रमा महासचिवको सांगठानिक र कोषाध्यक्षको आर्थिक प्रतिवेदन माथी छलफल गरि अनुमोदन गरेका थिए । बन्द सत्रको अन्तमा सम्पन्न निर्वाचनबाट श्री राज कुमार लेखि थारुको अध्यक्षतामा संघीय परिषद सचिवालयका १३ पदधिकारीहरु निर्वाचित गरे जसमध्ये ५ उपाध्यक्ष पदमा मा. टसी स्हाङमो गुरुङसेनी,



नोर्भु घले बुद्ध, इन्दिरा जिमी याक्खा, ज्ञान वहादुर बोटे, महासचिवमा आङ काजी शेर्पा (किसान), कोषाध्यक्षमा डण्डु ढोक्या र ५ सचिव पदमा यशोकान्ति भट्टचन, चित्र वहादुर राजी, विमाल सुनुवार, कुमार तामाङ व्लोन र बद्री कुचवाडीया हुनुहुन्छन् । महासंधको निर्वाचन सम्पन्न गर्न डा. श्री गणेशमान गुरुङ्गको संयोजकत्वमा, श्री कुन्साङ लामा, श्री पासाङ दोर्ची शेर्पा, श्री राम बहादुर थापा र श्रीमती निमा ल्हमु योल्मोपा सदस्य रहनु भएको निर्वाचन मण्डल गठन गरिएको थियो। नवनिर्वाचित संघीय परिषद सचिवालयको प्रथम वैठक महाधिवेशन स्थलमा विहान ३ बजे नव निर्वाचित अध्यक्ष राज कुमार लेखि थारुको अध्यक्षतामा सचिवालयका सबै पदधिकारीहरुको उपस्थितिमा भएको थियो । वैठकले नेपाल आदिवासी जनजाति महासंघलाई विगत ३ वर्षदेखि अनवरत नेतृत्व प्रदान गर्न सफल हुनु भएकोमा निवर्तमान अध्यक्ष मा. पासाङ शेर्पा, संघीय परिषदका सचिवालयका सबै पदधिकारीहरु, निवर्तमान सल्लाहकारहरु, र महासंघको सातौ महाधिवेशनलाई सफलता पूर्वक सम्पन्न गर्न सफल हुनु भएकोमा निवर्तमान अध्यक्ष मा. पासाङ शेर्पा संघीय परिषद सचिवालयका सबै पदधिकारीहरु, निवर्तमान सल्लाहकारहरु, संघयि परिषदका सदस्यहरु, सातौ महाधिवेशनका प्रतिनिधिज्यूहरु, पर्यवेक्षकज्यू, जातिय संघहरु, नेफिनका कर्मचारीहरु, स्वंयमसेवकहरु, नेपाल प्रहरी, पत्रकारहरु, सुचीकृत र सुचीउन्मुख सम्पूर्ण आदिवासी जनजाति दाज्युभाईहरु तथा दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने प्रस्तावलाई पारित गऱ्यो ।

साथै महासंघको निर्वाचन सफलता र शान्ति पूर्वक सम्पन्न गर्न सफल हुनु भएकोमा निर्वाचन मण्डलका संयोजक डा. श्री गंणेश गुरुङज्युको अध्यक्षतामा, श्री कुन्साङ लामा, श्री पासाङ दोर्ची शेर्पा, श्री राम बहादुर थापा र श्रीमती निमा ल्हमु योल्मोपालाई र संघीय परिषद सचिवालयका अध्यक्ष, ५ उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र ५ सचिव पदका प्रत्यासित उम्मेदवारज्युहरुलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गऱ्यो ।

## ३ फिट लामो कलम र ज्ञापन-पत्र हस्तान्तरण

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ निर्माणाधिन संविधानमा आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्यक, अति सिमान्तकृत, लोपोन्मुख र सुचीउन्मुख आदिवासी जनजातिको माग अनुसारका अधिकारहरु सुनिश्चित गरेर मात्र जारी गर्न १६ बुँदे ज्ञापनपत्र र ३ फिट लामो बाँसको कलम संविधान सभाका सम्माननीय अध्यक्ष सुवास चन्द्र नेम्वाङलाई वहाँकै कार्यकक्षमा २०६७ बैशाख २ गते अध्यक्ष श्री राजकुमार लेखी थारुले संघीय परिषद् सचिवालयका पदाधिकारीको उपस्थितिमा हस्तान्तरण गर्नु भयो ।



महासंघले उक्त ३ फिटे लामो कलम सहितको ज्ञापन पत्र ३ प्रमुख दल नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, एकीकृत माओवादीका वरिष्ठ नेता देव गुरुङ, नेपाली कांग्रेसका सचिव र जातिय सघीयताका विपक्षी नेपाल मजदुर किसान पार्टीलाइ

संसदीय दलको कार्यालयमा बुझाइयो भने अन्य दलहरुलाई भने ज्ञापन-पत्र मात्र बुझाइयो ।



## नेपाल आदिवासी जनजाती महासंघले बुझाएको ज्ञापन-पत्र

जातीय स्वशासनसहितको स्वायत्तता र आत्मानिर्णयको अधिकार संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निमार्णको मूल आधार ।

मिति २०६७ वैशाख १४ गते

सम्माननीय राष्ट्रपतिज्यू,
सम्माननीय संविधान सभाका अध्यक्षज्यू,
सम्माननीय प्रधानमन्त्रीज्यू,
संविधान सभामा प्रतिनीधित्व गर्ने सम्पूर्ण राजनीतिक दलहरु,
संविधान सभाका माननीय सभासद्ज्यूहरु
मानवअधिकारीवादी तथा नागरिक समाजसंग सम्बन्धित संघ संस्थाहरु, पत्रकारज्यूहरु र सम्पूर्ण नेपाली दाजु-दाई तथा दिदी-बहिनीज्यूहरु,नेपालको एकीकरण पछि नेपाल ४ जात ३६ वर्णका फूलवारी हो भनिएता पनि यर्थाततामा नेपाल २५० वर्षदेखि एउटा जात, एउटा भाषा, एउटा धर्म र एउटा संस्कृतिको फूलवारी भएको र बँकी फूलहरु सवै ओइलाएर कति मरि सकेको कालो ईतिहास हाम्रो सामु ऐना जतिकै छर्लङ्गछ । वहुराष्ट्रियता, वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक र वहुधार्मिक विशिष्ट सामाजिक संरचना भएको मुलुक नेपालमा २००४ देखि २०४७ सालसम्म राजा महाराजा र दलहरुको लागि शासकीय अनुकुलता मिलाउने ५ पटक संविधान निर्माण भयो । तर विडम्वना ती पाँचवटै संविधानमा नेपालको विशिष्ट सामाजिक संरचनालाई आत्मसात गरिएन र सम्बोधन गर्ने प्रयत्न पनि गरिएन । २०४७ को संविधानलाई प्रजातान्त्रिक संविधान भनिएता पनि वहुराष्ट्रियता, वहुजातिय, वहुभाषिक, वहुसांस्कृतिक र वहुधार्मिक आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्यक , लोपोन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सम्वोधन नगरेकोले १० वर्षको अल्पसमयमा नै खारेज भएको हो ।

निर्माणाधीन संविधानमा नेपालका आदिवासी जनजातिका तर्फबाट राख्न आवश्यक ठानिएका विषयहरु संविधानसभा र दलहरु समक्ष नेपाल आदिवासी जनजाति महासंघ र यसका घटक संगठनहरुले विगतमा पटक पटक पेश गरिसकेका छन्, ता पनि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधानमा बहुराष्ट्रियता, वहुजातिय, वहुभाषिक, वहुसांस्कृतिक र वहुधार्मिक विशिष्ट सामाजिक संरचनालाई आत्मसातगर्दै आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्यक, लोपन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित गरेर मात्र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान जारी गराउन संविधानसभालाई घेराउ गर्दै नेपालको करिव डेढ करोड आदिवासी जनजातिहरुको

तर्फबाट नेपाल आदिवासी जनजाति महासंघले यो १६ बुंदे ज्ञापन पत्र जारी गरेका छौं ।

१) जनताद्वारा निर्वाचित संविधान सभाका सभासदहरु माथी दलहरुले संविधान निर्माणका क्रममा व्हीप जारीगर्न नपाइने व्यवस्थाका लागि जोडदार माग गर्दछौ ।
२) नेपालका आदिवासी जनजातिहरु निर्धारित वा थपेको समय अवधीमा समेत नेपालको नयाँ संविधान नवनाइने पो हो कि भनी अहिले चिन्तित छन् । संविधानको पहिलो मस्यौदा तयार पार्ने विषयमा देखिएको गतिरोधबाट नेपाल आदिवासी जनजाति महासंघ अत्यन्त चिन्तित रहेको छ, अतः संविधानको पहिलो मस्यौदा तयार पार्ने विषयमा संविधानसभामा रहेका सम्पूर्ण राजनीतिक दलहरुका बीचमा अविलम्ब सहमति गर्न नेपाल आदिवासी जनजाति महासंघ माग गर्दछौं ।
३) नेपालका आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित नभएको संविधानलाई स्वीकार्न संघीय लोकतान्त्रि गणतन्त्र नेपालका डेढ करोड आदिवासी जनजातिहरु बाध्य हुने छैन ।
४) आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्यक अति सीमान्तकृत, लोपोन्मुख र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित गरेर मात्र निर्धारित समयमा संविधान जारी गरिनु पर्दछ ।
५) आदिवासी जनजातिहरुको जातीय ऐतिहासिक पृष्ठभूमी, भाषिक, सांस्कृतिक पहिचान र समान जीवन पद्धतिका आधारमा आत्मनिर्णय र जातीय, स्वशासनको अधिकार सहितको स्वायत्त प्रदेशहरु नै राज्य पुनर्सरचनाको आधार हुनुपर्दछ ।
६) आदिवासी जनजातिहरुको जातिय ऐतिहासिक पृष्ठभूमी, भाषिक, सांस्कृतिक पहिचान र समान जीवन पद्धतिको पहिचानको आधारमा संविधानसभा राज्य पुनर्संरचना समितिबाट अनुमोदन गरिएका संघीय स्वतःप्रदेशहरुको संख्या घटाउन पाइदैन ।
७) भूगोललाई मात्र आधार मानेर प्रस्तावित स्वतः प्रदेशहरु (सुनकोशी र नारायणी) लाई तत्काल खारेज गरी आदिवासी जनजातिहरुको जातिय ऐतिहासिक पृष्ठभूमी,

भाषिक, सांस्कृतिक पहिचान र समान जीवन पद्धतिको पहिचानको आधारमा थप स्वायत्त प्रदेशहरु प्रस्तावित गर्न जोडदार माग गर्दछौं ।

८) राज्यको पूनर्संरचना संविधानसभाले गरिनु पर्दछ । राज्य पूनर्संरचना आयोग किमार्थ गठन गर्न पाइदैन् ।

९) २०६२/०६३ सालको जनआन्दोलन र अन्तरिम संविधानले गरेका निम्न महत्वपूर्ण घोषणाहरुलाई अपरिवर्तनीय धाराको रुपमा नयाँ संविधानमा उल्लेख गरिनु पर्दछ ।

क) नेपाल धर्म निरपेक्ष राज्य हो ।

ख) नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र देश हो ।

धर्म निरपेक्ष र गणतन्त्र विरुद्ध अभिव्यक्ति दिनेहरु माथी कानुनी कारवाही हुनु पर्दछ ।

१०) संविधान सभाका विभिन्न विषयगत समिमितहरुले संविधान सभामा प्रस्तुत गरिएका प्रारम्भिक मस्यौद माथी नेपाल आदिवासी जनजाति महासंघको आधिकारिक दृष्टिकोण संविधानसभामा पेश गर्न पाउनु पर्दछ ।

११) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय अभिसन्धीहरु आई. एल. ओ १६९ र यूएनड्रीपलाई ऐन कानुनमा संशोधन गरेर कार्यन्वयन गर्ने प्रतिबद्धता प्रस्ताव संविधानसभाबाट पारित गरिनु पर्दछ ।

१२) धर्म निरपेक्ष राज्यसंग बाँभिएका ऐन कानुन स्वत: खारेज हुने व्यवस्था नयाँ संविधानमा उल्लेख गरिनु पर्दछ ।

१३) सूचीउन्मुख आदिवासी जनजातिहरुको न्यायिक मागलाई तत्काल सम्बोधन गर्न जोडदार माग गर्दछौं ।

१४) जनताबाट पाएको कार्यदेश अनुसार २०६७ जेठ १४ गते भित्र संविधान जारी गर्न नसक्ने भएमा कम्तिमा पनि सोही मितिमा नयाँ संविधानको प्रारम्भिक मस्यौदा जारी गरि आमजनताको सल्लाह र सुभ्फावका लागि ७५ जिल्लाका गाउँवस्तीमा वितरण गरिनु पर्दछ ।

१५) संविधानसभाको कार्यकाल थप्नुको औचित्य पुष्टि गरेर मात्र सबै दलहरुको सहमतिमा संविधानसभाको अवधी बढाएर, थपेको समय अवधीमा संविधान जारी गर्ने प्रतिवद्धता जाहेर गरेमा मात्र जनताले स्वीकार गर्नेछन् । अत: जनभावनको कदर गर्न नेपाल आदिवासी जनजाति महासंघ सबै दलहरुसँग अपिल गर्दछ । संविधानसभाको अवधी फेरी पटक पटक वढाउन पाइने छैन ।

१६) निर्धारित समयमा संविधान निर्माण हुन सकेन भने मुलुकमा प्रतिगामी शक्तिहरुले शीर उठाउने जोखिमपूर्ण परिस्थिति रहेको देखिन्छ । यसर्थ सम्पूर्ण राजनीतिक दलहरुले आपसी गतिरोधहरुलाई तत्काल अन्त गरी अविलम्ब सहमति गरेर थपेको अवधीभित्र आदिवासी जनजातिको अधिकार सुनिश्चित भएको संविधान जारी गराउने उद्देश्यले संविधान सभालाई घेराउ गर्दै नेपाल आदिवासी जानजाति महासंघको तर्फबाट यो ज्ञापन पत्र जारी गरेको छ । साथै २०६७ बैशाख २ गते देखि नेपाल आदिवासी जनजाति महासंघले 'संविधान निर्माणका लागि एक महिने खबरदारी आभियान' को सुरुवात गरिसकेको व्यहोरा जानकारी गराउँद्छौं । धन्यवाद ॥

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल-जिन्दावाद,
धर्मनिरपेक्ष नेपाल-जिन्दावाद
आदिवासी जनजाति एकता-जिन्दावाद

राजकुमार लेखी थारु
अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ

## चिन्ता आदन प्रदान तथा जलपान




आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्या , लोपन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित भएको नपालको नयाँ संविधान चाडै जारी नहोला की भन्ने सबैमा व्याप्त चिन्तालाई आदन-प्रदान गर्न नेपाल आदिवासी जनजाति महासंघले २०६७ बैशाख ७ गते अनमोल क्याटरिड, नयाँ वानेश्वरमा भव्य जालपान कार्यक्रम आयोजना गरेको थियो । उक्त जलपान कार्यक्रममा संविधान सभाका सम्माननीय अध्यक्ष सुवास चन्द्र नेम्वाङ, नेकपा एमालेका अध्यक्ष मा. भ्फलनाथ खनाल, नेकपा एकीकृत माओवादीका वरिष्ठ नेता मा. अमिक शेरचन, नेपाली कांग्रेसका वरिष्ठ नेता मा. ईन्द्र वहादुर गुरुङ्ग, नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघको अध्यक्ष पूर्व पर्यटन मा. मन्त्री पृथ्वी सुब्बा गुरुङ्ग, उल्लेखनिय संख्यमा तिनै प्रमुख दलका साथै अन्य दलहरुका सभासदहरु, महासंघका पूर्व सल्लाहकारहरु, महासचिवहरु, सचिवालयका पदाधिकारीहरु, महासंगका सम्बन्धन प्राप्त संघ संस्थाका अध्यक्षहरु, जातिय संघका अध्यक्षहरु, संघीय परिषदका सदस्यहरु, जिल्ला समन्वय परिषदका प्रतिनिधिहरु, सुचीकृत र सुचीउन्मुख ३ हजार भन्दा बढी आदिवासी जनजातिहरु र गैर आदिवासीहरु जनजाति अतिथीहरु उपस्थिति हुनु भएका थिए ।

## नयाँ सविधान जारी गराउन एक महिने खवरदारी अभियान

आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्यक , लोपोन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सुनिश्ति भएको नपालको

नयाँ संविधान चाँडै जारी गराउन एक महिने खवरदारी अभियान अर्न्तगत के कस्ता कार्यक्रमहरु संञ्चालन गर्न सकिन्छ भनेर सुझाव तथा कार्यक्रमहरु संकलन गर्न २०६७



बैशाख २ गते संवैधानिक सम्वाद केन्द्र, नयाँवानेश्वरमा नेपाल आदिवासी जनजाति महासंघले उपलब्ध संघीय परिषदका सदस्यहरु, महासंघका पूर्वसल्लाहकारहरु, महासचिवहरु, आदिवासी जनजाति वुद्धिजिवीहरु, सचिवालयका वर्तमान तथा निर्वतमान पदाधिकारीहरु, सम्वन्धन प्राप्त संघ संस्थाहरुका अध्यक्ष र प्रतिनिधिहरु, जातीय संघका अध्याक्ष र प्रतिनिधिहरु, संघीय परिषदका सदस्यहरु, जिल्ला समन्वय परिषदका प्रतिनिधिहरु सहभागीता रहेको एक विस्तारित भेला आयोजना गरेको थियो ।

उक्त भेलाबाट प्राप्त धेरै महत्वपूर्ण सुझाव तथा कार्यक्रमहरुलाई संघीय परिषद सचिवालयको वैठकले तत्कालिन र दीर्घकालिन कार्यक्रमको रुपमा वर्गिकरण गरि कार्यन्वयन गर्दै लैजाने निर्णय गरेकोछ ।

## संविधान सभा घेराउ कार्यक्रम र गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता विरोधी प्रतिगामीहरुको पुत्ला दहन

सघीय परिषद सचिवालयको २०६७ बैशाख ३ गतेको वैठकको निर्णय अनुसार संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको नयाँ संविधानमा आदिवासी जनजाति, आदिवासी जनजाति




महिला, अल्पसंख्यक,लोपोन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित गरेर चाडै जारी गराउन ६०१ सभासदहरुलाई दवाव दिन २०६७ बेशाख १४ माइती घर मण्डालमा १ बजे जम्माभएपछि आदिवासी जनजातिका अधिकार संम्वन्धि नाराहरु लगाउदै आदिवासी जनजातिहरुको विशाल ऱ्याली नयाँ वानेश्वर पुगेर संविधान सभा भवनलाई दिउसो २ बजे देखि साझा ५ बजे सम्म घेरेका थिए । उक्त दिन नेवा संर्घष समितिले पनि नेवा राज्यका लागि संविधान सभा घेराउ गरेको थियो । नेवा संघर्ष समितिको कार्यक्रमा अध्यक्ष राज कुमार लेखी थारुले सम्वोधन गर्नुभएको थियो ।

संविधान सभामा प्रतिनिधित्व गरेका दलहरुले नयाँ संविधानमा अदिवासी जनजातिहरुको अधिकार स्थापति गराउने मुख्य २ विषयहरु जाति, भाषा, संस्कृति र साझा श्जीवन पद्धति पहिचान कै आधारमा राज्यको पुनर्सरचना र सेना, मुद्रा र वैदेशिक संम्वन्ध वाहेकका अधिकार स्वायत्त राज्यहरुलाई दिने गरि राज्यको शक्ति बाँडफाड गर्ने गरि राज्य पुनर्सरचना समिति र राज्य शक्ति बाँडफाड समितिहरुले बुझाएको प्रतिवेदन माथी तत्काल साझा




सहमति निर्माण गरेर चाडै नै संविधान जारी गर्न सकिएन भने मुलुकमा प्रतिगामी शक्तिहरुले शीर उठाउने जोखिमपूर्ण परिस्थिति प्रति सचेत गराउदै र जनआन्दोलन र अन्तरिम संविधानले घोषणा गरि सकेका लोकतन्त्र, गणतन्त्र, संघीयता र धर्म निरपेक्ष विरुद्ध नवोल्न प्रतिगामीहरुलाई खवरदारी गर्दै लोकतन्त्र, गणतन्त्र, संघीयता र धर्म निरपेक्ष विरोधी प्रतिगामीहरुको पूर्ण कदको पुत्लालाई करिव ३ घण्टाको प्रर्दशन पछि नयाँ वानेश्वर चोकमा जलाएको थियो ।

## नेपाल आदिवासी जनजाति महासंघका गतिविधिहरुको तालिका

नेपाल आदिवासी जनजाति महासंघको सातौ महाधिवेशनद्धारा नव निर्वाचित संघीय परिषद सचिवालयले हालसम्म संञ्चालन गरेका गतिविधिहरुको तालिका यस प्रकारका छन् ।

१) २०६७ चैत्र २४ गते नव निर्वाचित संघीय परिषद सचिवालयको प्रथम वैठक, महाधिवेशन स्थल एस आर क्याटरिङमा सम्पन्न भयो ।

२) २०६७ चैत्र २६ गते नव निर्वाचित र निवर्तमान संघीय परिषद सचिवालयको सयुक्त वैठक, महासंघको कार्यालयमा र वैठक पछि नव निर्वाचित अध्यक्ष, महासचिवका साथै सचिवालयका पदधिकारीहरुले पदभार ग्रहण कार्यक्रम सम्पन्न भयो ।

३) २०६७ चैत्र २७ गते संघीय परिषद सचिवालयको तेश्रो बैठक, महासंघको कार्यालयमा सम्पन्न भयो ।

४) २०६७ बैशाख २ गते सविधान सभा सम्माननीय अध्यक्ष सुवास चन्द्र नेम्वाङलाई ३ फिट लामो कलम र ज्ञापन पत्र हस्तान्तरण कार्यक्रम

५) २०६७ बैशाख २ गते आदिवासी जनजाति, आदिवासी जनजाति महिला, अल्पसंख्यक , लोपोन्मुख, अति सीमान्तकृत र सूचीउन्मुख आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित भएको नेपालको नयाँ संविधान चाडै जारी गराउन एक महिने खवरदारी अभियान अर्न्तगत सुझाव तथा कार्यक्रमहरु संकलन गर्न संवैधानिक सम्वाद केन्द्र नयाँ वानेश्वरमा एक विस्तारित भेला सम्पन्न भयो।

६) २०६७ बैशाख ७ गते आदिवासी जनजातिको अधिकार सुनिश्चित भएको नेपालको नयाँ संविधान चाडै जारी नहोला की भन्ने सबैमा व्याप्त चिन्तालाई एक आपसमा आदन प्रदान गर्न अनमोल क्याटरिङ, नयाँ वानेश्वरमा भव्य जालपान कार्यक्रम सम्पन्न भयो ।

७) २०६७ बैशाख ८ र ९ गते संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरुको संसदीय कार्यालयमा ३ फिट लामो कलम र ज्ञापन-पत्र हस्तान्तरण गरियो ।

८) २०६७ बैशाख १४ गते आदिवासी जनजातिको अधिकार सुनिश्चित भएको संविधान चाडै जारी गराउन ६०१ सभासदहरुलाई दवाव दिन संविधान सभा घेराउ कार्यक्रम, सविधान सभा भवन अगाडी , नयाँ वानेश्वर सम्पन्न भयो ।

९) २०६७ बैशाख २७ गते महासंघको कार्यालयमा संघीय परिषद सचिवालयको छैठौं बैठक सम्पन्न भयो ।

१०) २०६७ बैशाख २८ गते दिउँसो ४:०० बजे महासंघको कार्यालयमा आदिवासी जनजाति बृहत मोर्चाका प्रतिनिधिहरु डा.कृष्ण भट्टचन, दिनेश घले, नन्द कन्दङवासँग अध्यक्ष र सचिवालयको पदाधिकारीहरुसँग छलफल भयो ।

## महासंघका भावी कार्यक्रमहरु

१) देशको वर्तमान अवस्था, संविधान निर्माणमा देखिएका गतिरोध, नयाँ सविधनमा आदिवासी जनजातिको अधिकार सुनिश्चित गराउने सन्दर्भमा साझा अवधारण तथा रणनीति तयार गर्न महासंघका प्रत्येक जिल्ला समन्वय पषिदका अध्यक्ष वा महासचिव वा तोकिएको प्रतिनिधि एक, उपत्याक भित्रका जातीय संघहरुका अध्यक्ष र महासचिव २ जना, महासंघको सम्बन्धन प्राप्त संघहरुका अध्यक्ष र महासचिव २ जनाका सहभागितामा २०६७ जेष्ठ २ गते वृहत भेला संवैधानिक सम्वाद केन्द्र नयाँ वनेश्वरमा आयोजना गरिनेछ ।

२) संविधानसभाका ११ वटा विषयगत समितिहरुले संविधानसभामा पेश गरेका मस्यौद उपर नेपाल आदिवासी जनजाति महासंघका धारणा र सुझावहरु सार्वजनिक कार्यक्रम जेष्ठ भित्र गरिनेछ ।

३) नेपालका आदिवासी जनजातिका अधिकारमुखी कार्यक्रमहरु सहित विश्व आदिवासी दिवस मनाउन विविध प्रभावकारी कार्यक्रम तय गरेर सार्वजनिक गरिनेछ विश्व आदिवासी दिवस केन्द्रका साथै जिल्लाहरुमा समेत मनाईनेछ ।

## विभिन्न संघ संस्थाहरुबाट आमन्त्रीत कार्यक्रमहरुमा महासंघको सहभागीता

नेपाल आदिवासी जनजाति महासंघको तर्फबाट संघीय परिषदका पदधिकारीहरु विभिन्न संघसंस्थाले आमन्त्रित निम्न कार्यक्रमहरुमा भाग लिएकाछन् ।

१) २०६७ चैत्र २५ गते लोकतान्त्रिक वारम संघले होटल मर्स्याङ्गदी ठमेलमा साँझ ५ बजे आयोजित स्वागत, वधाई तथा रात्री भोज कार्यक्रममा अमन्त्रित पदाधिकारीहरु सहभागी भए ।

२) २०६६ चैत्र २६ गते वार्षिक डुग परिषदले स्वयम्भुको पश्चिमदेखि पश्चिम पट्टीको डाँडामा विहान ९.३० बजे आयोजित वार्षिक समारोहमा महासचिवलाई आमन्त्रण गरिएता पनि पास हराएकोले सहभागी भएन ।

३) २०६६ चैत्र २७ गते आदिवासी जनजाति पत्रकार महासंघ (अनिज) को तमु बौद्ध सेवा समितिमा विहान ८ बजे आयोजित महाधिवेशनमा अध्यक्षले भाग लिनु भयो ।

४) २०६६ चैत्र ३० गते आदिवासी जनजाति पत्रकार महासंघ (अनिज) को कार्यालय अनाम नगरमा दिउसो ३ बजे आयोजित ब्रिफिङ्ग कार्यक्रममा अध्यक्ष, महासचिव र कोषाध्यक्षले भाग लिएका थिए ।

५) २०६६ चैत्र ३० नेपाल आदिवासी जनजाति विद्यार्थी महासघको कार्यालय वागवजारमा ५ बजे आयोजित ब्रिफिङ्ग कार्यक्रमा अध्यक्ष, महासचिव र कोषध्यक्षले भाग लिएको थिए ।

६) २०६७ वैशाख १ गते आदिवासी जनजाति युवा महासंघको कार्यालय गोपी कृष्ण हल नजिक विहान ११ बजे ब्रिफिङ्ग कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष नोर्भु घले बुद्ध, महासचिव र कोषाध्यक्षले भाग लिए ।

७) २०६७ बैशाख ३ गते आदिवासी जनजाति विद्यार्थी महासंघको पशुपति क्याम्पसमा इकाई समिति गठन गर्ने क्रममा घाईते विद्यार्थीहरुलाई हेल्पीङ्ग ह्याण्ड हस्पिटलमा विहान ९ बजे अध्यक्ष, महासचिव र कोषाध्यक्षले भेटेका थिए ।

८) २०६७ बैशाख ४ गते नेपाल योल्मो सेवा समाजले



बेकरी क्याफे चुच्चेपाट्टीमा विहान ९ बजे आयोजित स्वागत, बधाई तथा दिवा भोजमा अध्यक्ष, उपाध्यक्षहरु मा.टसी स्हाङमो गुरुङ्गसेनी, ईन्दिरा जिमी याक्खा, महासचिव, कोषाध्यक्ष, सचिवहरु यसोकान्ती भट्टचन, र विमला सुनुवारले भाग लिएका थिए ।

९) २०६७ बैशाख ४ गते कला संस्कृति संरक्षण केन्द्रले वर्ल्ड ट्रेड सेन्टर त्रिपुरेश्वरमा विहान ११ बजे आयोजित मिस शेर्पा प्रतियोगिताका प्रतियोगीहरुलाई पुरस्कार वितरण समारोहमा महासचिवले भाग लिएका थिए ।

१०) २०६७ बैशाख ११ गते थारु कल्याणकारिणी सभा काठमांडौ उपत्यका समितिले नाईटिङ्गल बोर्डिङ्ग स्कूल कुपण्डोलमा आयोजित स्वागत, वधाई तथा जलपान



कार्यक्रममा अध्यक्ष, उपाध्यक्षहरु नोर्भु घले बुद्ध, ईन्दीरा जिमी याक्खा, महासचिव, कोषाध्यक्ष सचिव कुमार तामाङ व्लोन सहभागी भएका थिए ।

११) २०६७ बैशाख ५ गते रेड प्लस कार्यक्रमको कार्यालय गल्फुटारमा विहान ११ बजे आयोजित स्वागत, वधाई र व्रिफिङ्ग कार्यक्रममा अध्यक्ष, उपाध्यक्षहरु नोर्भू घले बुद्ध, ईन्दिरा जिमी याक्खा, महासचिव, कोषाध्यक्ष र सचिव




यशोकान्ती भट्टचनले भाग लिएका थिए ।

१२) २०६७ बैशाख.....गते सि ई ए डी एसले मैत्री पुस्तकालय कुपण्डोलमा ४ बजे आयोजित डा. हर्क गुरुङ्ग बहस कार्यकममा अध्यक्ष, महासचिव, कोषाध्यक्ष, सचिव यसोकान्ती भट्टचनले उठेका विभिन्न प्रश्नहरुको उत्तर दिएका थिए ।

१३) २०६७ बैशाख..........गते पासाङ्ग ल्हामु प्रतिष्ठानले चुच्चेपाट्टी पासाङ्ग ल्हामु सालिक हातामा विहान ७.३० बजे आयोजित वार्षिक स्मृति दिवसमा अध्यक्ष र महासचिवले भाग लिए ।

१४) २०६७ बैशाख ११ गते नेपाल शेर्पा संघले शेर्पा सेवा केन्द्र टुसाल बौद्धमा विहान १० बजे आयोजित स्वागत, वधाई तथा अभिनन्दन कार्यकममा अध्यक्ष, उपाध्यक्षहरु मा. टसी स्हङमो गुरुङसेनी, नोर्भु घले बुद्ध, ईन्दिरा जिमी याक्खा, महासचिव, सचिवहरु यशोकान्ती भट्टचन, विमला सुनुवार र कुमार तामाङ व्लोनले भाग लिए ।

१५) २०६७ बेशाख ११ गते नेपाल तामाङ स्वशासित संघ (एकीकृत)ले दिउँसो १२.३० मा नेपाल बार एशोसियसनमा आयोजित ताम्सालिङ्ग भूमी र राज्य पुनर्सरचनाबारे कार्यपत्र प्रस्तुत कार्यकममा उपाध्यक्ष नोर्भु घले बुद्ध सहभागी भए ।

१६)२०६७ बैशाख १३ गते गैर सरकारी संघसंस्था महासंघले राष्ट्रिय सभा गृहमा दिउँसो १ बजे आयोजित कार्यकममा अध्यक्षले सहभागी भएको थियो ।

१७) २०६७ बेशाख १५ गते सप्तरी फत्तेपुर गाविस फत्तेपुर बजारमा बुद्ध प्रतिमा अनावरण कार्यकम, थारु कल्याणकारिणी सभा सिराहा जिल्ला समितिले आयोजित स्वागत तथा वधाई कार्यकममा अध्यक्ष सहभागी भएको थियो ।

१८) २०६७ वैशाख १७ गते नेपाल चेपाङ संघको नारायणगढमा १२ बजे आयोजित तेश्रो महाधिवेशनमा महासचिवले भाग लिएको र सोही दिन भरतपुर स्थित बोटे समाज संघ र नेपाल आदिवासी जनजाति महासंघ चितवन जिल्ला समन्वय परिषदको कार्यालयहरुको अवलोकन पनि गरेका थिए ।

१९) २०६७ वैशाख २७ गते सोसियल साईन्स् बाहाले गोदावरी भिलेज रिसोर्टमा बिहान ९:३० देखि प्रारम्भ भएको पिस एण्ड डेभलपमेन्ट स्ट्राटेजी कार्यक्रममा महासचिव आङकाजी शेर्पाले भाग लिनुभयो ।

२०) २०६७ जेष्ठ २८ गते बिहान ११:00 बजे प्रधानमन्त्री कार्यालयमा समावेसी आयोगदारा आयोजित छलफल कार्यक्रममा महासचिव आङकाजी शेर्पाले भाग लिनुभयो ।

२१) २०६७ वैशाख २९ गते दिउँसो १:00 बजे रामघाट, पोखरामा पुन समाजको राष्ट्यि भेलामा अध्यक्ष र महासचिवले भाग लिए ।

२२) २०६७ वैशाख २९ गते साँझ ६:00 बजे जिल्ला समन्वय परिषदका कार्यसमितिहरुसँग पोखरामा आयोजित परिचयात्मक कार्यक्रम तथा रात्रीभोजमा अध्यक्ष र महासचिवले भाग लिए ।

२३) २०६७ वैशाख ३० गते बिहान ८:00 बजे तमु दीको केन्द्रीय कार्यालय पोखरामा अनिज कास्कीले आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष र महासचिवले भाग लिए ।

## आम संञ्चार माध्यममा
## नेपाल आदिवासी जनजाति महासंघ

महासंघका गतिविधीबारे प्रकाशपार्दै सातौ महाधिवेशनबाट निर्वाचित संघीय परिषद सचिवालय पदधिकारीहरुका अर्न्तवार्ता विभिन्न संञ्चार माध्यमहरुले व्यापक प्रसारण एवं प्रकाशन गरि राखेकोछन् ।

१) २०६६ चैत्र २१ गते विहान ६.४५बजे स्टार एफ एममा अध्यक्षको अन्तरवार्ता प्रसारण भयो ।
२) २०६६ चैत्र २४ गते सामुदायीक एफ एम मार्फत ६५स्टेशनहरुमा अध्यक्षको अन्तरवार्ता प्रसारण भयो ।
३) २०६६ चैत्र २४ विहान ९ बजे सोलु एफ एममा महासचिवको अन्तरवार्ता प्रसारण ।
४) २०६६ चैत्र २५ विहान ६:३० बजे ईमेज एफ एममा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
५) २०६६ चैत्र २५ विहान ९ बजे सोलु एफ एममा महासचिवको अन्तरवार्ता प्रसारण ।
६) २०६६ चैत्र २५ विहान ८.३० बजे नेशनल टेलिभिजनमा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
७) २०६६ चैत्र २५ विहान राती ९.३० बजे सगरमाथा टेलिभिजनमा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
८) २०६६ चैत्र २८ गते उज्यालो नेटवर्क मार्फत ६५ स्टेशनहरुमा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
९) २०६६ चैत्र ३० गते रेडियो नेपालमा विहान १० बजे महासचिवको अन्तरवार्ता प्रसारण ।
१०) २०६७ वैशाख १ गते विहान ८.३० बजे टाइम्स एफ एम अध्यक्षको अन्तरवार्ता प्रसारण ।
११) २०६७ वेशाख २ गते साँझा ६ बजे ए बि सी टेलिभिजनमा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
१२) २०६७ वैशाख ३ गते विहान ११ बजे रेडियो नेपालमा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
१३) २०६७ बैशाख ३ गते दिउसो १२.३० बजे लुम्बिनी एफ एममा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
१४) २०६७ बैशाख ४ गते मैत्री एफ एममा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
१५) २०६७ बैशाख ८ गते दिउसो ६.३० बजे मेट्रो एफ एममा अध्यक्षको अन्तरवार्ता प्रसारण ।
१६) २०६७ बैशाख ८ गते दिउसो ६.३० बजे मेट्रो एफ एममा अध्यक्षको अर्न्तवार्ता प्रसारण ।
१७) २०६७ बैशाख १८ गते सि जे एम सी एफ एममा महासचिवको अर्न्तवार्ता प्रसारण ।

## नेपाल आदिवासी जनजाति महासंघद्वारा प्रेसविज्ञप्ति जारी

नेपाल आदिवासी जनजाति महासंघले निम्न घटनाहरुको घोर भर्त्सनासहित प्रेसविज्ञप्ति जारी गरिएको छ । जारी प्रेसविज्ञप्तिको पूर्ण विवरणका लागि महासंघको वेभसाईट www.nefin.org.np मा हेर्नुहोला ।

१. २०६२/०६३ को जनआन्दोलनको भावना र अन्तरिम संविधानको घोषणाविपरित धर्मनिरपेक्ष राज्य र संघीय लोकतान्त्रिक गणतन्त्रका विरुद्धमा केही प्रतिगामी तत्वहरुले सुनियोजित ढंगले दिएको अभिव्यक्तिको घोर निन्दा र भर्त्सना गर्दै त्यस्ता प्रतिगामी तत्वहरुलाई अविलम्ब कानूनी कारवाहीको मागसहित प्रेसविज्ञप्ति जारी गरिएको छ ।

२. २०६७ वैशाख १६ गतेका दिन कटहारीमा आयोजित आदिवासीहरुको सिरुवा पर्वमा केही अनुशासनहीन प्रहरीहरुले पर्वस्थलमा प्रवेश गरी मेलामा सहभागी सर्वसाधारणलाई कुटपिट गरेको र आयोजकलाई गिरफ्तार समेत गरी सामाजिक पर्व नै विथोल्ने गरी गरेको ज्यादतीपूर्ण कार्यको घोर भर्त्सना गर्दै अनुशासनहीन प्रहरीमाथि अविलम्ब कानूनी कारवाही गर्न र पर्वको सम्पूर्ण क्षतिपूर्ति व्यहोर्ने माग सहित प्रेसविज्ञप्ति जारी गरिएको छ ।

३) २०६७ वैशाख तेस्रो हप्तामा महेन्द्रनगर, कञ्चनपुर ब्रम्हदेवनजिक बसोवास गर्ने परी लालवीर राउटे, उनकी श्रीमती र दुई छोरा/छोरीलाई कुटपिट, नगद लुटपाट र १४ वर्षीय छोरीलाई बलात्कारको प्रयास गरेकोबारे नागरिक दैनिकको बैशाख २८ गतेको अंकमा प्रकाशित समाचारप्रति महासंघको गम्भीर ध्यान आकर्षण भएकोले संघीय परिषद सचिवालयबाट तत्काल कञ्चनपुरका प्रहरी कार्यालय, सम्बन्धित चौकी, माइती नेपाल कञ्चनपुर शाखाका संयोजक, परी लालवीर राउटे, बलात्कारको प्रयत्नबाट पीडित उनकी किशोरी छोरी, नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद र सम्बन्धित पत्रकारसँग सम्पर्क गरी दोषीलाई तत्काल कारवाही गर्न, पीडित परिवारलाई क्षतिपूर्ति र राहतका लागि जोडदार मागसहित प्रेसविज्ञप्ति जारी गर्नका साथै महासंघका तर्फबाट रु. ५,०००/- आर्थिक सहयोग प्रदान गर्न जिल्ला समन्वय परिषद कञ्चनपुरलाई अनुरोध गरिएको छ ।

**सुचना !　　सुचना !　　सुचना !**

नेपाल आदिवासी जनजाति महासंघबाट माषिक रुपमा प्रकाशन हुने न्यूजलेटरमा जातीय संघसंस्थाहरु, महासंघसँग सम्बन्धन प्राप्त संघहरु, जिल्ला समन्वय परिषदहरु, विदेशमा रहेका आदिवासी जनजाति महासंघका संगठनहरुका गतिविधी तथा कार्यक्रम सम्बन्धि समाचारहरु प्रकाशनको लागी इमेल, फयाक्स, वा पत्र मार्फत महासंघको ठेगानमा पठाउन हुनको लागी विनम्र अनुरोध गर्दछु ।

प्रकाशन समिति

नेपाल आदिवासी जनजाति महासंघ

## नेपाल आदिवासी जनजाति महासंघ
## संघीय परिषद सचिवालयका पदधिकारीहरुको
## नाम र सम्पर्क विवरण

१) अध्यक्ष श्री राजकुमार लेखी थारु (सप्तरी)
मोबाइल नं ९८४१-४३-७४-००
इमेल tharusabha@gmail.com

२) उपाध्यक्ष मा. श्रीमती टसी ल्हाङमो गुरुङसेनी (मुस्ताङ)
मोबाइल नं ९८५११-००-७५४
इमेल tashi3248@yahoo.com

३) उपाध्यक्ष श्री नोर्भु घले बुद्ध (डोल्पा)
मोबाइल नं ९८४१-४४-३४-५६
इमेल dolpo@redifmail.com

४) उपाध्यक्ष श्री नगेन्द्र प्रसाद राजवंशी (मोरङ)
मोबाइल नं ९८४२-०३-४३-८३
इमेल rajbanshi.nagendra@yahoo.com

५) उपाध्यक्ष श्रीभती ईन्दिरा जिमी याक्खा (संखुवासभा)
मोबाइल नं ९८४१-५६-७१-१२
इमेल indirajimee@yahoo.com

६) उपाध्यक्ष श्री ज्ञान वहादुर बोटे (नवलपरासी)
मोबाइल नं ९८४७-०९-५९-८८
इमेल botegyan@yahoo.com

७) महासचिव श्री आङ काजी शेर्पा (सोलुखम्वु)
मोबाइल नं ९८५१०-४८-१८४
इमेल kajikisan@hotmail.com
इमेल kajikisan@gmail.com

८) कोषाध्यक्ष श्री डण्डु ढोक्या (ताप्लेजुङ्ग)
मोबाइल नं ९८५१०-१४-९७९
इमेल sherpadandua@hotmail.com

९) सचिव श्री यशोकान्ती भट्टचन (मुस्ताङ)
मोबाइल नं ९८४१-८१-८०-५९
इमेल yassokanti@gmail.com

१०) सचिव श्री चित्र वहादुर राजी (कैलाली)
मोबाइल नं ९८४८-४४-१३-०३
इमेल chitrabahdurraji@hotmail.com

११) सचिव श्रीमती विमला सुनुवार (काठमांडौ)
मोबाइल नं ९८४१-६०-२६-६६
इमेल bimkoich@hotmail.com

१२) सचिव श्री कुमार तामाङ व्लोन (काठमाडौं)
मोबाइल नं ९८४१-२६-६२-०९
इमेल ghedung@gmail.com

१३) सचिव श्री बद्री कुचबाडीया (बांके)
मोबाइल नं ९८४८-४४-१३-०३
इमेल छैन ।


**सम्पर्क ठेगाना**
**नेपाल आदिवासी जनजाति महासंघ**
संघीय परिषदको सचिवालय
कुसुन्ति ( यातायात कार्यालय नजिक ) ललितपुर कोन नं. ०१–५००१७५४
पत्रचार ठेगाना . पो.व.न. ८९७५, ई.पी.सी.१८५१, ललितपुर,नेपाल ।
इमेल nefen@wlink.com.np र info@nefin.org.np
वेबसाइटः www.nefin.org.np

**Nepalese Federation of Indigenous Nationalities**
**Federation Council Secretariat**
Kusunti Lalitpur, elephone 977-1-5001754
Email: nefen@wlink.com.np and info@nefin.org.np
website www.nefin.org.np
Post Box No 8975 E. P. C. 1851